"सिरीजङ्गाको गौरव, कञ्चनजङ्गा"

# सिरीजङ्गा गाउँपालिका

# गाउँ कार्यपालिका

तेल्लोक, ताप्लेजुङ

१ नम्बर प्रदेश, नेपाल ।

पत्र संख्या : २०७६।०७७
चलानी नम्बर :

मिति : २०७६।१२।२२

## प्रेस विज्ञप्ती

**विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोभिड १९ लाई सिरीजङ्गा गाउँपालिका क्षेत्रभित्र रोकथाम तथा नियन्त्रणका लागि आज मिति २०७६ साल चैत्र २२ गते शनिवारका दिन सिरीजङ्गा गाउँ कार्यपालिकाका अध्यक्ष श्री टिकाराम गुरुङ ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बस्यो । उक्त बैठकले कोभिड १९ सँग गरेको महत्वपूर्ण निर्णयहरु देहाय बमोजिम रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ । र, सम्बन्धित सबै पक्षबाट उक्त निर्णय कार्यान्वयनमा आवश्यक सहयोग गरि दिनु हुन समेत हार्दिक अनुरोध गर्दछु ।**

**निर्णयहरु :**

**निर्णय नं.** (१) कोभिड १९ को संभावित संक्रमणको कारण उत्पन्न प्रतिकूल अवस्थाबाट प्रभावित असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई दैनिक जीवन यापनको लागि स्थानीय तहबाट राहत उपलब्ध गराउने गरी नेपाल सरकार (मन्त्रिपरिषद्) बाट भएको निर्णय कार्यान्वयन गर्न तयार भएको नमूना मापदण्डमा सामयिक संशोधन समेत गर्दै "सिरीजङ्गा गाउँपालिका भित्र असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड, २०७६" लाई स्वीकृत गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

**निर्णय नं.** (२) गाउँपालिकाको वडा नं. ४ स्थित श्री तेल्लोक मा.वि. को हाताभित्र सिरीजङ्गा गाउँपालिकाद्वारा तयार गरिएको क्वारेन्टाइनमा नेपाल सरकारको निर्णयले गरेको लक डाउन शुरु भएको मितिभन्दा पछाडि यस गाउँपालिका क्षेत्रभित्र प्रदेश नम्बर १ देखी बाहेक अन्य प्रदेश तथा विदेशबाट आएका व्यक्तिहरुलाई लक डाउन शुरु भएको मितिदेखी चौध दिनसम्म पनि त्यस्ता व्यक्तिको स्वास्थ्य स्थितिमा कोभिड १९ सँग मिल्दो कुनै लक्षण नदेखिएमा स्वास्थ्यकर्मीको सिफारिसको आधारमा क्वारेन्टाइनबाट मुक्त गर्ने व्यवस्था मिलाउने निर्णय सर्वसम्मतीले पारित गरियो । र, आज उप्रान्त नेपाल सरकारले कायम गर्ने लक डाउनको मितिसम्म तादम्यता कायम हुने गरी सिरीजङ्गा गाउँपालिका क्षेत्रलाई नै लक डाउन गर्ने र उक्त अवधिभर अन्य जिल्ला तथा स्थानीय तहबाट कुनैपनि व्यक्तिलाई प्रवेश गर्न नदिने व्यवस्था मिलाउने निर्णय समेत सर्वसम्मतीले पारित गरियो ।

**निर्णय नं.** (३) कोभिड १९ रोकथाम तथा नियन्त्रणका लागि गाउँपालिकाले निर्माण गरेको क्वारेन्टाइन तथा आइसोलेसन क्षेत्रमा खटिएका र खटिने स्वास्थ्यकर्मीहरुको मनोवल उच्च राख्न लक डाउन अवधिभर प्रोत्साहन स्वरुप खाना तथा खाजा खर्च वापत् दैनिक एकमुष्ट पाँच सय रुपैंया रकम तथा गाउँपालिका मातहतका अन्य बाँकी स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीहरुलाई खाजा खर्च वापत् दैनिक दुई सय रुपैंया रकम र, प्रत्येक स्वास्थ्य संस्थाका प्रमुखहरुलाई सञ्चार खर्च वापत् मासिक एक/एक हजार रुपैंया रकम विपद् व्यवस्थापन कोषबाट उपलब्ध गराउने निर्णय सर्वसम्मतीले पारित गरियो ।

ईमेल: sirijangharuralmunicipality@gmail.com
वेभसाईट : www.sirijanghamun.gov.np

०७६।१२।२२

**निर्णय नं.** (४) गाउँपालिका क्षेत्रभित्र कोभिड १९ रोकथाम तथा नियन्त्रणका लागि विपद् व्यवस्थापन कोषलाई थप मजबुत गर्न जनप्रतिनिधी तथा कर्मचारीहरु (स्वास्थ्यकर्मी बाहेक) को मासिक सेवा सुविधाको रकम तथा पारिश्रमिकको रकमबाट देहाय बमोजिमको रकम कट्टा गरी गाउँपालिकाको विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

| सि.नं. | जनप्रतिनिधी तथा कर्मचारीको विवरण | कट्टा गरिने रकम | कैफियत |
|---|---|---|---|
| १. | सम्पूर्ण जनप्रतिनिधी | ४,८८,५००।०० | |
| २. | अधिकृतस्तरको कर्मचारी | मासिक तलब स्केलको पाँच दिनको रकम । | |
| ३. | सहायकस्तर र श्रेणीविहिन कर्मचारी | मासिक तलब स्केलको तीन दिनको रकम । | |

**निर्णय नं.** (५) **"सिरीजङ्घा गाउँपालिका भित्र असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड, २०७६"** बमोजिम राहत वितरण गर्न उक्त मापदण्डले निर्धारण गरेको राहत पाउन योग्य व्यक्तिहरुको तथ्यांक संकलन गरी गाउँ कार्यपालिकाको कार्यालयमा पाँच दिनभित्र पेश गर्न सबै वडा समितिहरुलाई परिचालित गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो । यसका साथै उक्त मापदण्ड बमोजिम गाउँपालिका क्षेत्रभित्रका कम्तीमा आठ सय परिवारलाई तत्काल राहत उपलब्ध गराउन सक्ने गरी उल्लिखित मापदण्डले निर्देश गरेको खरिद प्रकृया अवलम्बन गरी राहत सामाग्री व्यवस्थापन गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो ।

**निर्णय नं.** (६) कोभिड १९ रोकथाम तथा नियन्त्रणका लागि बैठक, सभा, सम्मेलन आदि गर्न नहुने भनी नेपाल सरकारबाट सूचना जारी भएको तथा गाउँपालिका क्षेत्रभित्रको भौगोलिक विकटता समेतलाई मध्यनजर गर्दै उक्त रोग गाउँपालिका क्षेत्रभित्र रोकथाम तथा नियन्त्रणका लागि यस सिरीजङ्घा गाउँ कार्यपालिकाको हैसियतले गर्नुपर्ने निर्णय गरी कार्यान्वयन गर्न गराउन **सिरीजङ्घा गाउँपालिकाको गाउँ कार्यपालिका (कार्यविभाजन) नियमावली, २०७६** को नियम ६ को उपनियम (१) बमोजिम गाउँ कार्यपालिकामा निहित सम्पूर्ण अधिकार प्रयोग गर्न देहाय बमोजिमको समितिलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

(क) श्री टिका राम गुरुङ, गाउँपालिका अध्यक्ष — संयोजक
(ख) श्री लालकृष्ण चौहान, वडा अध्यक्ष, वडा नं. २ — सदस्य
(ग) श्री रुपदास भट्टराई, वडा अध्यक्ष, वडा नं. ४ — सदस्य
(घ) श्री सन्तोष घिमिरे, प्रमुख प्रशासकीय अधिकृत — सचिव

**(श्री लालकृष्ण चौहान)**
**प्रवक्ता**
**मिति २०७६।१२।२२**